नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २१७ २०८२ साल चैत १९ गते बिहीबार (2 Apr 2026 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागुऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : आजदेखि एसईई परीक्षा, ... ३ पृष्ठमा : आजदेखि संसद् अधिवेशन ... ३ पृष्ठमा : भारतमा जनगणना सुरु, ...

## सप्तरीबाट एसईईमा ९ हजार २ सय ७६ विद्यार्थी सहभागी हुँदै

**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**

चैत १९ गते बिहीबारदेखी हुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सप्तरीबाट ९ हजार २ सय ७६ जना विद्यार्थी सहभागी हुदैछन् ।

यस पटकको एसईई परीक्षामा ४ हजार ६ सय १६ छात्र र ४ हजार ६ सय ५३ छात्रा गरि कुल ९ हजार २ सय ६९ जना विद्यार्थी सहभागी हुने जिल्ला शिक्षा समन्वय इकाई सप्तरीले जनाएको छ ।

जिल्लामा सामुदायिक र संस्थागत गरी १ सय ६२ विद्यालयका विद्यार्थी एसईईमा सहभागी हुने जिल्ला शिक्षा समन्वय इकाई सप्तरीका प्रमुख शशी यादवले जानकारी दिए ।

परीक्षालाई मर्यादित र सफल बनाउन ३९ वटा परीक्षा केन्द्रका लागि ३९ केन्द्राध्यक्ष, ४३ सहायक केन्द्राध्यक्ष, ४ सय ४६ निरिक्षक, ७५ परीक्षा सहायक र १ सय ६३ कार्यालय सहयोगी खटाईएको उनले बताए ।

परिक्षा केन्द्रको सुरक्षामा ५ सय ८५ जना सुरक्षाकर्मीसहित १ हजार ३ सय ५१ जना कर्मचारी खटाईएको जिल्ला शिक्षा समन्वय इकाई सप्तरीले जनाएको छ ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) यस वर्ष बिहीबारदेखि देशभर एकैसाथ सुरू हुँदैछ । राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको परीक्षालाई विगतको तुलनामा थप व्यवस्थित, प्रविधिमैत्री र नतिजामुखी बनाउन विशेष रणनीतिक योजना अघि सारेको जनाएको छ ।

यता यस पटकको एसईईमा देशभर र वैदेशिक केन्द्रसहित गरी ५ लाख १२ हजारभन्दा बढी विद्यार्थीहरू सहभागी हुँदैछन् । यस वर्षको एसईई परीक्षामा 'उत्तरपुस्तिका परीक्षणको विकेन्द्रीकरण' र 'नतिजामा तीव्रता' अभ्यास गर्न लागेको बोर्डले जनाएको छ ।

सरकारले विद्यार्थीको भविष्य र समयलाई मध्यनजर गर्दै परीक्षा सकिएको एक महिनाभित्रै नतिजा प्रकाशन गर्ने तयारी गरेको हो ।

यस्तै यस वर्ष पनि जापानमा रहेको एभरेस्ट स्कुलबाट २३ जना विद्यार्थीहरू एसईई परीक्षामा सहभागी हुँदैछन् । जापानमा रहेका नेपाली समुदायका बालबालिकाहरूका लागि त्यहाँको स्थानीय समय र नेपालको समयबिच तालमेल मिलाएर परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइएको बोर्डले जनाएको छ । देशभर र जापान समेत गरी कुल १ हजार ९ सय ६६ परीक्षा केन्द्रहरू निर्धारण गरिएका छन् ।

## चैते धानबालीको उत्पादनमा वृद्धि हुने



**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**

सप्तरीमा यस पटक चैते धानको उत्पादनमा वृद्धि हुने भएको छ । गत वर्षभन्दा ३ सय हेक्टर क्षेत्रफल बढी जग्गामा चैते धान रोपाई

*बाँकी अन्तिम पृष्ठमा*

## सडक स्तरोन्नती तथा सौन्दर्यीकणका लागि भौतिक संरचना भत्काउन सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**

राजविराज नगरपालिकाले हनुमान मन्दिरदेखि नेता चौकसम्मको सडक स्तरोन्तीका लागि उक्त क्षेत्रमा पर्ने सबै खाले भौतिक संरचनाहरु डोजर लगाएर भत्काउन सुरु गरेको छ ।

स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले बुधबार विहानदेखि सडकको वीच भागबाट ९/९ मीटर गरि जम्मा १८ मीटर भित्र पर्ने सबैखाले संरचना डोजर लगाएर हटाउनु सुरु गरेको हो ।

मेनरोड स्तरोन्नति तथा सौन्दर्यीकणका लागि उक्त क्षेत्रमा निर्माण गरिएका विभिन्न भौतिक संरचना खाली गराउन सुरु गरिएको राजविराज नगरपालिकाकी कार्यबाहक प्रमुख इसरत परविनले बताइन् ।

सडक स्तरोन्नति तथा सौन्दर्यीकरण कार्यका लागि सडक डिभिजन कार्यालयबाट ठेक्का भइ निर्माण कार्य प्रारम्भ भइसेकोले बर्षोसम्म मुख्य सडक अतिक्रम गरि बनाइएका ती संरचनाहरु खाली गराउन उक्त कदम चालिएको उनको भनाई छ ।

## विद्यार्थी संगठन संरचनाहरू हटाउने घोषणा बिरुद्ध १४ विद्यार्थी संगठनहरूको गम्भीर ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ चैत ।**

नेपाल सरकारले विद्यार्थी सङ्गठन संरचनाहरू हटाउने घोषणा गरेपछि १४ वटा विद्यार्थी संगठनहरूले गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

बुधबार एक संयुक्त प्रेस वक्तव्य जारी गर्दै उनीहरूले मन्त्रिपरिषद्को गत चैत १३ गतेको निर्णय (शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं. ८६) अविलम्ब खारेज गर्न सरकारसँग माग गरेका हुन् ।

नेपाल विद्यार्थी संघ (नेविसंघ), अनेरास्ववियु, अनेरास्ववियु (क्रान्तिकारी) लगायत १४ वटा विद्यार्थी संगठनका अध्यक्ष तथा प्रतिनिधिद्वारा हस्ताक्षरित विज्ञप्तिमा सरकारको उक्त घोषणालाई अपरिपक्व, अराजनीतिक, असंवैधानिक र अलोकतान्त्रिक भनिएको छ । शिक्षा क्षेत्रका सम्पूर्ण बेथितिहरूको भारी विद्यार्थी संगठनमाथि थोपर्ने सरकारी दृष्टिकोण सतही रहेको उनीहरूको ठहर छ ।

संगठनमा आबद्ध हुन पाउने अधिकार संविधानप्रदत्त मौलिक अधिकार भएको स्मरण गराउँदै वक्तव्यमा भनिएको छ, 'कुनै पनि विचारमाथि बन्देज लगाउने कार्य लोकतान्त्रिक मूल्यमान्यताविपरीत हुनुका साथै यसले युवा पुस्ताको स्वाभाविक राजनीतिक सामाजीकरण प्रक्रियामा अवरोध सिर्जना गर्छ ।'

विगतदेखि नै विद्यार्थी आन्दोलनलाई समयसान्दर्भिक बनाउन स्ववियुमा २८ वर्षे उमेरहद लागू गर्नेलगायतका सुधारका प्रयासहरू भइरहेको उनीहरूले दाबी गरेका छन् । विद्यार्थी संगठनहरू सरकारसँग रचनात्मक संवाद, सहकार्य र सुधारका लागि सदैव प्रतिबद्ध रहेको स्पष्ट पार्दै उनीहरूले सरोकारवाला सबै पक्षसँगको सार्थक संवादमार्फत सहमति निर्माण गर्न सरकारलाई आग्रह गरेका छन् ।

फागुन १३ गते प्रधानमन्त्री नियुक्त भएका बालेन्द्र (बालेन) शाहको अध्यक्षतामा बसेको पहिलो मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार 'शासकीय सुधारको १०० बुँदे कार्यसूची' मार्फत सरकारले शैक्षिक संस्थामा हुने राजनीतिक हस्तक्षेप मुक्त गर्न विद्यालय र विश्वविद्यालय हाताबाट विद्यार्थी संगठनका संरचना हटाउने घोषणा गरेको थियो ।

सरकारको उक्त घोषणा अनुसार अबको ६० दिनभित्र शिक्षण संस्थाहरूबाट दलीय आधारमा बनेका संगठनका संरचनाहरू हटाइने छ ।

## एमाले संसदीय दलको नेतामा बादल

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ चैत ।**

नेकपा एमालेको संसदीय दलको नेतामा रामबहादुर थापा बादल निर्वाचित भएका छन् ।

बुधबार केन्द्रीय कार्यालय च्यासलमा भएको निर्वाचनमा उनी दलको नेता चयन भएका हुन् ।

सुहाङ नेम्वाङले उम्मेदवार फिर्ता लिएसँगै बादल दलको नेता चयन भएको निर्वाचन समितिका संयोजक नीरज आचार्यले जानकारी दिए । सम्पन्न निर्वाचनमा एमालेले जम्मा २५ सिट जितेको थियो ।

**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### परीक्षा मर्यादित होस्

आजदेखी देशैभरि एकै दिन माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालन हुन गइरहेको छ। विगतमा यसलाई एसएलसी भनिने गरिन्थ्यो भने अहिले नाम परिमार्जन गरेर एसईई भनिन्छ। कक्षा १० का विद्यार्थीहरु यस परीक्षामा सहभागि हुन्छन्। कक्षा १ देखी प्रारम्भिक शिक्षा लिएर कक्षा १० सम्म पुग्दा विद्यार्थीहरु यसलाई निकै महत्व दिने गर्थे। दिनरात एक गरि परीक्षाको तयारीमा जुट्थे। त्यसबेला यसलाई विद्यार्थीहरुको आइरन गेट भनेर चिनिन्थे। तर अहिलेको परिवर्तित परीक्षाका साथ साथै विद्यार्थीहरु पनि परिवर्तन भएका छन्।

अहिले यो परीक्षाको मर्यादा नै धरापमा पर्ने गरेको छ। परीक्षा मर्यादित बनाउनेतर्फ विद्यालय, शिक्षक तथा अभिभावकहरुको भूमिका अहम हुन्छ। सरकारले हरेक वर्ष विद्यार्थी भर्नाको नाममा करोडौं रकम खर्च गरेर विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन सकस गरिरहेको छ। तर सरकारले लिएको लक्ष्य अझै पुरा हुन सकेको छैन्। सुरुदेखी नै कक्षामा गुणस्तरिय शिक्षा दिनेतर्फ ध्यान केन्द्रित गरेमा पक्कै पनि सक्षम विद्यार्थी बन्ने कुरामा दुई मत नहोला।

अहिले ती सबै कुरा किताबी पानामा सिमित भएको बेला यसलाई मर्यादित बनाउन सबैले आ-आफ्नो तर्फबाट पहल गर्नु पर्ने आवश्यकता देखिन्छ। तसर्थ कुनै पनि परीक्षालाई मर्यादित बनाउन विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालयको महत्वपूर्ण जिम्मेवारी हुन्छ। यही कुरालाई मनन् गरेर शिक्षकले राम्रो अध्यापन गर्नेतर्फ ध्यान पुऱ्याउन सकेमा पक्कै पनि परीक्षा मात्र मर्यादित नभई विद्यार्थी मर्यादामा बसेर भविष्यमा असल बन्न सक्ने कुरामा दुई मत नहोला।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आजदेखि एसईई परीक्षा, परीक्षा मर्यादित होस्



राजेश झा

चैत्र १९ गतेदेखि देशैभरि माध्यमिक शिक्षा परीक्षा(एसईई) सञ्चालन हुने भएको छ। देशैभरिका ५ लाख १२ हजार ४ सय २१ जना बालबालिका परीक्षामा सहभागी हुँदैछन्। सप्तरीबाट ९ हजार २ सय ६९ जना परीक्षार्थी छन्। जसमा ४ हजार ६ सय १६ छात्र र ४ हजार ६ सय ५३ छात्रा रहेका छन्।

विगतमा एसएलसी नामबाट सञ्चालन भईरहेको माध्यमिक शिक्षा परीक्षा पछिल्लो समय एसईईमा परिणत भएको छ। नाम परिवर्तन भएपनि त्यसको महत्व भने यथावत नै छ। विगतमा फलामे ढोका भनेर चिनिने माध्यमिक शिक्षा परीक्षा पछिल्लो दुई दशकदेखि बिग्रिंदै गएको देखिन्छ। परीक्षा बिग्रिनुमा कुनै एक पक्षको मात्रै भूमिका छ भन्न कठिन छ।

पछिल्लो समय सामुदायिक विद्यालयको शिक्षाको अवस्था खस्किदै गएको छ। सामुदायिक विद्यालयको शिक्षा खस्किनुमा स्थानीय सरकार, विद्यालय परिवार, अभिभावक र विद्यार्थी समेतको भूमिका रहेको छ। स्थानीय सरकारले सामुदायिक विद्यालयको शिक्षालाई उपलब्धीमूलक बनाउन नसक्नु नै प्रमुख कारण हो भने शिक्षाको स्तर निरन्तर ओरालो लाग्नुमा अभिभावक, शिक्षक र विद्यार्थी पनि उत्तिकै दोषी छन्। अहिलेको अवस्थामा सामुदायिक विद्यालयको शिक्षा मात्र होइन, संस्थागत विद्यालयको स्तरमा पनि गिरावट आएको सहजै देख्न सकिन्छ। सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको रिजल्ट राम्रो आउनुमा पढाईको स्तर राम्रो भएर मात्र होइन की "सेटिङ्ग"ले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

संस्थागत विद्यालयले आफ्नो विद्यालयको केन्द्र परेका विद्यालयमा आफ्नै परीक्षा निरीक्षकहरु राख्नलाई सेटिङ मिलाउने र त्यसका लागि विगतमा लाखौंसम्म खर्च गर्ने गरेको समेत पाइएको छ। संस्थागत विद्यालयले मात्र होइन कतिपय सामुदायिक विद्यालयले परीक्षामा राम्रो व्यवस्था मिलाईदिने भनेर परीक्षार्थीहरुबाट समेत रकम असुल्ने गरेको गुनासाहरु नआएका पनि होइनन्।

आफ्ना छोराछोरीहरु विद्यालय गएका छन् कि छैनन् ? पढिरहेका छन् कि छैनन् ? बर्षभरि अभिभावकलाई यस्ता कुराहरु हेर्न भने समय हुदैन। विद्यालय गएर आफ्ना सन्तानको प्रगति के भनी बुझ्न जाँदैनन् अभिभावक तर परीक्षाको पूर्व र परीक्षा अवधिभर निरीक्षकको सत्कारमा पछि पर्दैनन्।

अभिभावक मात्र होइन, पढाउनुपर्छ भन्ने मानसिकता शिक्षकमा पनि कम हुँदै गएको छ। एकातिर विद्यालयमा पढाउन तथा सिकाउन शिक्षकहरुमा रुची घट्दै गएको छ भने अर्कोतिर विद्यार्थीमा पढाईप्रतिको लगनशिलता हराउँदै गएको छ। पहिला पहिला बार्षिक परीक्षामा फेल हुने डरले पनि विद्यार्थीले पढाईमा ध्यान दिने गरेका थिए। तर पछिल्लो समय फेल गर्नु हुँदैन त्यसले विद्यार्थीको मानसिकतामा नकारात्मक प्रभाव पर्छ भन्दै कक्षोन्नति पद्धति नै परिवर्तन गरियो। हाम्रो सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर ह्रास हुनुमा यो परिवर्तन पनि प्रमुख कारक तत्व बनेको छ। फेल नै नहुने भएपछि विद्यार्थीमा पढाईप्रतिको लगनशिलतामा कमी आएको छ। शिक्षककै लगन, जिम्मेवारी बोध, पेशाप्रतिको मोह, बालबालिकाको माया र भावनाले प्रेरित भए मात्र कक्षा कोठामा पढाउन सकिन्छ। शिक्षकमा त्यस्तो खालको भावना र जिम्मेवारी बोध नभएकाले नै सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर कमजोर भएको हो।

अमेरिकी विद्वान मार्वा कोलिन्सले भनेका छन्, "शिक्षकले विद्यार्थीलाई सच्याउनुभन्दा पहिला आफूलाई नै सच्याउनु पर्छ। एउटा असल शिक्षकले एउटा कमजोर विद्यार्थीलाई असल र असल विद्यार्थीलाई उत्तम बनाउन मद्दत गर्छ। जब एउटा विद्यार्थी असफल हुन्छ, शिक्षक सँगसँगै असफल भईरहेको हुन्छ।" हुन पनि हो, एउटा शिक्षक आफू सफल हुनका लागि अध्ययनशिल र जिज्ञासु हुनु आवश्यक छ। नयाँ नयाँ तरिका, सीपको बारेमा जानकारी राख्नु पर्दछ। शैक्षिक सामग्रीहरुको निर्माण तथा प्रयोगले पनि विद्यार्थीको सिकाईमा सकारात्मक प्रभाव पार्ने भएकोले त्यसतर्फ आफूलाई अग्रसर राख्नु जरुरी हुन्छ।

विगतमा विद्यालय व्यवस्थापन समितिले राम्रोभन्दा पनि हाम्रोलाई रोजेर भर्ना गरेका शिक्षकका कारण अधिकांश सामुदायिक विद्यालयको शैक्षिक अवस्था जर्जर बनेको हो। विद्यालयमा हुने गरेको राजनीति पनि शैक्षिक अवस्था खस्किनुको प्रमुख कारणमध्ये एक हो।

निरन्तर एकै किसीमको शिक्षण शैली, शैक्षिक सामग्रीको प्रयोग नगर्नु जस्ता कारणहरुले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धी ओरालो लाग्दै गएको हो। शिक्षक तथा विद्यार्थीको निरन्तर सिकाई उपलब्धीको मापन नगरिनु, अनुगमन निरीक्षण नगर्नु, विद्यालयको शैक्षिक वातावरणलाई राम्रो पार्नेतर्फ स्थानीय सरकारले ध्यान नदिनुले पनि शैक्षिक अवस्था खस्किएको हो।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ११ को उपदफा २ को खण्ड (ज) बमोजिम अनुगमन, निरीक्षण तथा नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिइएको छ तर स्थानीय सरकारको ध्यान भने त्यतातिर गएको देखिदैन। शिक्षासम्बन्धी हक सुनिश्चित गर्ने दायित्व स्थानीय सरकारको होर। तर स्थानीय सरकार शैक्षिक उन्नयनका लागि उचित योजना बनाई काम गर्नबाट चुकेको देखिन्छ। स्थानीय सरकारले शिक्षाको समग्र विकासका लागि ठोस योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ। अनि मात्र सामुदायिक विद्यालयको शैक्षिक अवस्थामा सुधार ल्याउन सकिन्छ।

सक्षम र सबल जनशक्ति उत्पादनका लागि माध्यमिक तहसम्मको शिक्षालाई व्यवहारिक र व्यवसायिक बनाउनु जरुरी छ। अभिभावक, शिक्षक र विद्यार्थीको त्रिपक्षीय पहलमा मात्र शिक्षालाई व्यवहारिक र उपलब्धीमूलक बनाउन सकिन्छ र यसमा स्थानीय सरकारले प्रमुख भूमिका निर्वाह गर्नु आवश्यक छ। सामुदायिक विद्यालयहरुमा गुणस्तरीय र व्यवहारिक शिक्षाको व्यवस्था मिलाउन सकेमा मात्र माध्यमिक शिक्षा परीक्षा मर्यादित हुन सक्छ। सबल र सक्षम जनशक्ति उत्पादन गर्ने खालको शिक्षा र परीक्षा बनाऔं हाम्रा सन्ततिलाई रेमिटान्स भित्र्याउने माध्यम मात्र नबनाऔं। परीक्षा मर्यादित होस्।

# न्यायिक नेतृत्वमा इतिहासकै दोस्रो महिला सपना प्रधान मल्ल

**कालिका खड्का**

काठमाडौं, १८ चैत (रासस)।

नेपालको न्यायिक इतिहासमा दोस्रोपटक महिलाले नेतृत्व गर्ने अवसर पाएको छ। सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले बुधबारदेखि कायममुकायम (कामु) प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हाल्नुभएको छ। यसअघि, पहिलोपटक न्यायिक नेतृत्वको इतिहासमा महिला प्रधानन्यायाधीशमा सुशीला कार्कीले नेतृत्व गर्नुभएको थियो।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत ६५ वर्षे उमेरहदका कारण मङ्गलबार सेवानिवृत्त भएपछि वरिष्ठतम् न्यायाधीश मल्लको काँधमा कामु प्रधानन्यायाधीशको जिम्मेवारी आइपुगेको हो।

प्रधानन्यायाधीशको पद रिक्त भएमा सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीशले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने संवैधानिक व्यवस्था छ। नेपालको संविधानको धारा १२९ (६) मा प्रधानन्यायाधीश अवकाश भएपछि वरिष्ठतम् न्यायाधीशले स्वतः कामु प्रधानन्यायाधीश हुने व्यवस्था गरिएको छ।

न्याय परिषद्ले गत फागुन २६ गते प्रधानन्यायाधीश बन्न योग्यता पुगेका सर्वोच्च अदालतका छ जना न्यायाधीशको सूची संवैधानिक परिषद्मा पठाएको थियो। प्रधानन्यायाधीशका लागि परिषद्ले वरिष्ठतम् न्यायाधीश मल्लसहित, न्यायाधीशहरू कुमार रेग्मी, हरि फुँयाल, डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरेको थियो।

नेपालको संविधान अनुसार, सर्वोच्च अदालतमा तीन वर्ष न्यायाधीश भएको र ६५ वर्ष उमेर नपुगेको व्यक्ति प्रधानन्यायाधीश हुन पाउने योग्यता पुगेको मानिन्छ। प्रधानन्यायाधीशको पद रिक्त हुनुभन्दा एक महिनाअघि नै संवैधानिक परिषद्ले नयाँ प्रधानन्यायाधीशको नाम प्रस्ताव गर्नुपर्छ। तर प्रतिनिधिसभा विघटन भएसँगै संवैधानिक परिषद्को बैठक बस्न सकेको छैन्। सभामुख, उपसभामुख, प्रमुख विपक्षी दलको नेताको पद रिक्त भएकाले संवैधानिक परिषदले नयाँ प्रधानन्यायाधीशको नाम सिफारिस गर्न नसकेको बताइएको छ।

संसदीय सुनुवाइ विशेष समितिमा संसदीय सुनुवाइबाट अनुमोदन भएपछि मात्रै राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्त गर्ने व्यवस्था छ। प्रतिनिधिसभाको निर्वाचनपछि संसद्को अधिवेशन बिहीबारदेखि सुरु हुने र सभामुख/उपसभामुखको निर्वाचनको प्रक्रिया सुरु हुन बाँकी रहेकाले सुनुवाइ समितिको गठनमा अझै केही हप्ता लाग्न सक्ने देखिन्छ।

**कामु प्रधानन्यायाधीश सपना**

बुवा गोविन्दबहादुर प्रधान र आमा राधा प्रधानको कोखबाट विसं २०२० कात्तिक २९ गते शुक्रबार थापाथली काठमाडौंमा जन्मिनुभएकी कामु प्रधानन्यायाधीश मल्ल २०७३ साल साउन १७ गते सर्वोच्च अदालतको न्यायाधीश हुनुभएको थियो।

उहाँ त्रिभुवन विश्वविद्यालयको नेपाल ल क्याम्पसबाट कानुन विषयमा स्नातक र दिल्ली विश्वविद्यालयबाट कानुन विषयमा नै स्नातकोत्तर गर्नुभएको हो। संयुक्त राज्य अमेरिकाको हार्वर्ड विश्वविद्यालयबाट

बाँकी तीन पृष्ठमा

# आजदेखि संसद् अधिवेशन सुरु हुँदै

**नारायण न्यौपाने र अशोक घिमिरे**

काठमाडौं १८ चैत (रासस)।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछिको पहिलो अधिवेशन भोलि (बिहीबार)देखि सुरु हुँदैछ। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले करिब दुई तिहाइ बहुमत प्राप्त गरेपछि सुरु हुन लागेको यस अधिवेशनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा महत्वका साथ हेरिएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन बिहीबार दिउँसो २:०० बजेका लागि आह्वान गर्नुभएको छ। प्रतिनिधिसभाको उक्त अधिवेशन सिंहदरबारस्थित निर्माणाधीन सङ्घीय संसद् भवनको बहुउद्देश्यीय कक्षमा र राष्ट्रियसभाको बैठक सङ्घीय सचिवालयस्थित पुरानो भवनमा बस्नेछ। यो राष्ट्रियसभाको २०औँ अधिवेशन हो।

विसं २०६४ मा ६०१ सदस्यीय संविधानसभा गठन भएपछि नयाँ बानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा सञ्चालन हुँदै आएको प्रतिनिधिसभाको अधिवेशन १८ वर्षपछि सिंहदरबारस्थित संसद् भवनमा बस्न लागेको हो। विसं २०१५ मा सम्पन्न पहिलो आमनिर्वाचनपछिका संसद् अधिवेशन सिंहदरबारस्थित पुरानो संसद् भवन (ग्यालरी बैठक)मा बस्दै आएको थियो।

राष्ट्रपतिले प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्ने संवैधानिक व्यवस्था छ। निर्वाचन आयोगले यही चैत ५ गते 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ निर्वाचन परिणामसहितको प्रतिवेदन' राष्ट्रपति समक्ष बुझाएको थियो। निर्वाचनमार्फत जनताले रास्वपालाई मुलुकमा स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउन करिब दुई तिहाइको बहुमतसहितको जनादेश दिएका छन्।

सङ्घीय संसद् सचिवालयले दुवै सदनको बैठक सञ्चालनका लागि भौतिक, सुरक्षा, प्राविधिक र जनशक्तिका हिसाबले सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। बैठकमा सदस्य बस्ने क्रमको निर्धारण विगतका परम्पराअनुरुप तय गरिएको छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार प्रतिनिधिसभामा सभामुखको आसनको अगाडि दाहिनेतर्फ सत्तापक्ष, बीचमा सरकार र बायाँतर्फ प्रतिपक्ष रहने व्यवस्था मिलाइएको छ।

उक्त व्यवस्थाअनुसार प्रतिनिधिसभामा प्रधानमन्त्री र प्रमुख प्रतिपक्ष दलको नेताको आसन नजिकै रहनेछ। लोकतान्त्रिक संसदीय अभ्यास अपनाएका मुलुकमा संसद्लाई प्रतिपक्षको सत्ताका रूपमा लिइन्छ। यसपटक संसद्मा विगतका अधिवेशनजस्तो नभई सत्तापक्षको लहरमा मन्त्रिपरिषद्का सदस्य र रास्वपाका सांसद तथा प्रतिपक्षतर्फ एक स्वतन्त्रसहित ९३ सांसद रहनुहुनेछ। जनताको प्रतिनिधिमूलक सर्वोच्च संस्थाका रूपमा संसद्लाई लिने गरिएको छ।

**सभामुख र उपसभामुख चयन आगामी अधिवेशनको 'बिजनेस'**

प्रतिनिधिसभाको पहिलो अधिवेशन भएकाले आगामी अधिवेशन सभामुख र उपसभामुख चयन मुख्य कार्यसूचीमा रहनेछ। प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभा सदस्यले आफूमध्येबाट सभामुख र उपसभामुख निर्वाचन गर्ने संवैधानिक व्यवस्था छ।

सभामुख र उपसभामुखमध्ये एक फरक दल र फरक लिङ्गको हुनुपर्ने व्यवस्था छ। प्रतिनिधिसभाको पहिलो बैठकमा सभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्यले सांसदलाई स्वागत गर्ने तथा अधिवेशन आह्वानसम्बन्धी विषयमा जानकारी दिने पहिलो कार्यसूची रहनेछ।

सभामुख र उपसभामुखको निर्वाचनसम्बन्धी कार्यतालिका तथा अन्य कार्यसूची सर्वदलीय बैठकमा भएको सहमतिका आधारमा निर्धारण हुनेछ। संसद् सचिवालयले बुधबार सर्वदलीय बैठक आयोजना गरेको छ। यस अधिवेशनमा सङ्घीयता कार्यान्वयनसँग प्रत्यक्ष सरोकार राख्ने सङ्घीय निजामती ऐन, प्रहरी ऐन, विद्यालय शिक्षालगायत महत्वपूर्ण विधेयक प्रस्तुत गरी पारित गर्नुपर्ने दायित्व छ।

यही चैत १३ गतेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमा ४५ दिनभित्र सङ्घीय निजामती विधेयक ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख छ। दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीबाट १६५ तथा समानुपातिक निर्वाचन प्रणालीबाट ११० जना सदस्यको प्रतिनिधित्व हुन्छ।

प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीका १८२, नेपाली कांग्रेसका ३८, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २५, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का १७, श्रम संस्कृति पार्टीका सात, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का पाँच र एक स्वतन्त्र सांसदको उपस्थिति रहेको छ।

लैङ्गिक प्रतिनिधित्वका हिसाबले प्रतिनिधिसभामा १७९ पुरुष र ९६ जना महिला हुनुहुन्छ। राजनीतिमा पुस्तान्तरणको माग गर्दै गत भदौमा भएको जेनजी आन्दोलनको मर्म र भावनाअनुसार अहिलेको संसद्मा युवा सांसदको बाहुल्यता देखिन्छ। राष्ट्रपति पौडेलले प्रतिनिधिसभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने संवैधानिक व्यवस्था छ।

**संसद् र यसका मुख्यकार्य**

नेपालको संविधानले सङ्घीय संसद्का रूपमा दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको छ। सङ्घीय सदनको तल्लो सदनलाई प्रतिनिधिसभा र माथिल्लो सदनलाई राष्ट्रियसभा भनिन्छ।

सङ्घको अधिकार क्षेत्रका विषयमा कानुन निर्माण, सरकार गठन, सरकारका नीति तथा कार्यक्रम र बजेटमाथि छलफल र पारित, संविधान संशोधन र जनमत सङ्ग्रहको निर्णय, सरकारका कामकारबाहीको निगरानी, निर्देशन र सुझाव प्रस्तुत तथा अन्तरराष्ट्रिय सन्धिसम्झौताको अनुमोदन सङ्घीय संसद्को मुख्यकार्य जिम्मेवारी हो।

प्रतिनिधिसभा मातहत हाल विभिन्न १० वटा विषयगत समिति छन्। अर्थ, अन्तरराष्ट्रिय सम्बन्ध, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित, कानुन, न्याय तथा मानवअधिकार, कृषि, सहकारी तथा प्राकृतिक स्रोत, महिला तथा सामाजिक, राज्यव्यवस्था तथा सुशासन, विकास तथा प्रविधि, शिक्षा तथा स्वास्थ्य र सार्वजनिक लेखा समिति प्रतिनिधिसभा मातहतका समिति हुन्।

प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त समितिका रूपमा संसदीय सुनुवाइ र राज्यका निर्देशनात्मक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन समिति रहेका छन्। नयाँ निर्वाचनपछि गठन हुने सभाले संसद्को नियमावली संशोधन वा परिमार्जन र संसदीय समितिको सङ्ख्या हेरफेर गर्न सकिनेछ।

## न्यायिक नेतृत्वमा ...

जनप्रशासनमा समेत उहाँ स्नातकोत्तर गर्नुभएको हो।

विसं २०४५ देखि कानुन व्यवसायमा सक्रिय भएर काम गर्नुभएकी कामु प्रधानन्यायाधीश सपनासँग दुई वर्ष नेपाल ल क्याम्पसमा कानुन पढाउनुभएको अनुभव पनि छ। अधिवक्ता भएर काम गर्दागर्दै २०६९ सालमा उहाँले वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गर्नुभएको थियो।

कामु प्रधानन्यायाधीश सपनाको दर्जनौँ शोध र लेखहरू प्रकाशित भएका छन्। कानुनका क्षेत्रबाट महिला अधिकारको संरक्षण, महिला हिंसा नियन्त्रण, सामाजिक न्याय, महिलामा लगानी, महिलाको सम्पत्तिको अधिकार आदि धेरै विषयमा राष्ट्रिय/अन्तरराष्ट्रिय दैनिक तथा जर्नलहरूमा लेखसमेत उहाँले लेख्नुभएको छ। सर्वोच्च अदालतमा न्यायाधीशका रूपमा कार्यरत हुँदा उहाँले लैङ्गिक न्याय, लैङ्गिक एवं घरेलु हिंसा एवं संवैधानिक मामिला जोडिएका कैयौँ मुद्दामा दूरगामी असर पार्ने नजिर पनि प्रतिपादन गर्नुभएको थियो।

**न्यायिक नेतृत्वसम्म आइपुग्दा सपनाका सङ्घर्ष**

सर्वोच्च अदालतको न्यायाधीश हुनुभन्दा अगाडि उहाँ विभिन्न अन्तरराष्ट्रिय सङ्घसंस्था, कानुन न्याय एवं मानवअधिकारका विषयमा काम गरिसक्नुभएको छ। कानुनकै विद्यार्थी भएको हुनाले कामु प्रधानन्यायाधीश मल्लले २०६४ देखि २०६९ सालसम्म संविधानसभा सदस्य भएर पनि काम गरिसक्नुभएको छ। संयुक्त राष्ट्रसङ्घको यातनाविरुद्धको समितिमा विज्ञ सदस्य भएरसमेत उहाँले काम गरिसक्नुभएको हो।

यसका साथै कामु प्रधानन्यायाधीश मल्लले कानुनका क्षेत्रसँग सम्बन्धित धेरै सङ्घसंस्थामा आबद्ध भएर काम गरिसक्नुभएको छ। न्यायाधीश महिला समाजको संयोजक भएर काम गरिसक्नुभएको उहाँले वातावरणसमबन्धी विश्वव्यापी न्यायिक संस्थानको महासचिव भएर पनि काम गरिसक्नुभएको छ।

त्यस्तै सार्क कानुन नेपाल अध्ययनको अध्यक्ष, अन्तरराष्ट्रिय महिला न्यायाधीश सङ्घको सदस्य, वातावरण न्यायसम्बन्धी विश्वको आयोगको सदस्य, नेपाल बार एसोसिएसनको सदस्यका साथै विभिन्न पदमा रहेर उहाँले काम गरिसक्नुभएको हो।

वरिष्ठ अधिवक्ता तथा संविधासभा सदस्यसमेत भएर काम गर्नुभएकी कामु प्रधानन्यायाधीश मल्लले नेपाल सरकारको दशौँ योजनामा समावेश गर्ने योजना र कार्ययोजनाको विकासमा संलग्न हुनुहुन्थ्यो। मानव बेचबिखन विधेयक, राष्ट्रिय महिला आयोग विधेयक तथा उत्तराधिकार अधिकार विधेयक र वैदेशिक रोजगार विधेयक, यौन उत्पीडनविरोधी कानुन र लैङ्गिक समानता विधेयकलगायत कानुन सुधार पहलहरूलगायत धेरै कानुनी क्षेत्रमा योगदान पुर्‍याउनुभएको छ।

सर्वोच्च अदालतमा कार्यरत रहँदा व्यवस्थापन तथा प्रकाशन समितिलगायतका धेरै समितिमा रहेर उहाँले नेतृत्व गरिसक्नुभएको छ। प्रधानन्यायाधीश भएमा उहाँ २०८५ कात्तिक ३० गते ६५ वर्ष उमेरहदबाट अवकाश हुनुपर्नेछ।

## विश्व समाचार

### भारतमा जनगणना सुरु, नीति र राजनीति दुवैमा ठूलो प्रभाव पर्ने संकेत

नयाँदिल्ली, १८ चैत (रासस/एपी)।

लामो समयदेखि स्थगित हुँदै आएको भारतको राष्ट्रिय जनगणना अन्ततः सुरु भएको छ। यस पटकको जनगणनाले देशको जनसाङ्ख्यिक वास्तविकतालाई नयाँ ढङ्गले उजागर गर्दै कल्याणकारी कार्यक्रमदेखि राजनीतिक संरचनासम्म व्यापक प्रभाव पार्ने अपेक्षा गरिएको छ। विश्वकै सबैभन्दा ठूलो जनसङ्ख्या गणनाका रूपमा हेरिएको यस अभियानले एक अर्ब ४० करोडभन्दा बढी मानिसको विवरण सङ्कलन गर्ने लक्ष्य राखेको छ।

यसअघि सन् २०११ मा गरिएको जनगणनाले भारतको जनसङ्ख्या एक अर्ब २१ करोड रहेको देखाएको थियो। अहिले भने यो सङ्ख्या एक अर्ब ४० करोड नाघिसकेको अनुमान गरिएको छ, जसले भारतलाई विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको देशको रूपमा स्थापित गरेको छ। सन् २०२१ मै सुरु गर्ने योजना भए पनि कोभिड-१९ महामारी र व्यवस्थापकीय चुनौतीका कारण जनगणना स्थगित हुँदै आएको थियो।

नयाँ जनगणनाको पहिलो चरण बुधबारदेखि सुरु भई सेप्टेम्बरसम्म सञ्चालन हुनेछ। यस अवधिमा खटाइएका कर्मचारीहरूले घरपरिवारको अवस्था, उपलब्ध सुविधा तथा आवाससम्बन्धी विवरण सङ्कलन गर्नेछन्। यसपटक परम्परागत घरदैलो सर्वेक्षणसँगै डिजिटल प्रविधिको प्रयोगलाई पनि जोड दिइएको छ। बहुभाषी स्मार्टफोन एपमार्फत नागरिकहरूले स्वयं पनि आफ्नो विवरण पेश गर्न सक्नेछन्, जसमा उपग्रह-आधारित म्यापिङ प्रणालीसमेत समावेश गरिएको छ।

दोस्रो चरण सेप्टेम्बरदेखि आगामी अप्रिल १ सम्म सञ्चालन हुनेछ, जसमा व्यक्तिको सामाजिक र आर्थिक अवस्थासहित धर्म र जातिसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिनेछ। यस अभियानमा करिब ३० लाख सरकारी कर्मचारी परिचालन हुने अनुमान गरिएको छ। तुलना गर्दा, सन् २०११ मा करिब २७ लाख गणनाकर्ताले २४ करोडभन्दा बढी घरपरिवारको सर्वेक्षण गरेका थिए।

यसपटकको जनगणनाको सबैभन्दा संवेदनशील पक्ष भनेको जातिगत विवरणको व्यापक सङ्कलन हो। भारतमा जाति प्रणाली ऐतिहासिक रूपमा गहिरो सामाजिक संरचनासँग जोडिएको छ, जसले शिक्षा, रोजगारी र आर्थिक अवसरमा पहुँच निर्धारण गर्ने गरेको छ। यद्यपि देशमा विभिन्न जाति समूहहरूको यथार्थ जनसङ्ख्या कति छ भन्ने विषयमा अद्यावधिक तथ्याङ्क अभाव छ। अन्तिमपटक सन् १९३१ मा, औपनिवेशिक शासनकालमा, विस्तृत जातिगत गणना गरिएको थियो।

स्वतन्त्रतापछि सन् १९५१ देखि भारतले केवल अनुसूचित जाति र जनजाति – अर्थात् दलित र आदिवासी समुदाय – को मात्र गणना गर्दै आएको थियो। पूर्ण जातिगत गणनाले सामाजिक तनाव बढाउन सक्ने आशङ्का व्यक्त गर्दै अघिल्ला सरकारहरूले यसलाई टार्दै आएका थिए। तर अहिलेको प्रयासले नीति निर्माणका लागि आवश्यक यथार्थपरक तथ्याङ्क उपलब्ध गराउने अपेक्षा गरिएको छ।

जनगणनाबाट प्राप्त तथ्याङ्कले भारतको राजनीतिक संरचनामा पनि प्रत्यक्ष असर पार्न सक्छ। जनसङ्ख्या वृद्धिलाई आधार बनाएर संसद्को तल्लो सदन र राज्य विधानसभाहरूमा सिट सङ्ख्या पुनः निर्धारण गरिन सक्छ। सन् २०२३ मा पारित कानूनअनुसार महिलाका लागि एक तिहाइ सिट आरक्षित गरिएको छ, त्यसैले सिट विस्तार भएमा महिला प्रतिनिधित्व पनि स्वतः बढ्नेछ।

### इरान युद्धका कारण विश्व अर्थतन्त्रमा अनिश्चितता

न्यूयोर्क, १८ चैत (रासस/एपी)।

सन् २०२६ को सुरुमा वित्तीय बजारले सामान्य प्रदर्शन देखाइरहेको थियो। तर इरानमा सुरु भएको युद्धले बजारलाई ठूलो अस्थिरता प्रदान गरेको छ। युद्धका कारण तेलको मूल्य तीव्र रूपमा बढेको छ भने पेट्रोलियम र डीजलको मूल्यमा पनि अभूतपूर्व वृद्धि देखिएको छ।

'ब्रेन्ट क्रुड' तेलको मूल्य सन् २०२२ को गर्मी यताकै पहिलो पटक एक ब्यारेलमा १०० डलरभन्दा माथि पुगेको छ। अमेरिकी बजारमा फेब्रुअरीको अन्त्यमा ग्यासको औसत मूल्य प्रति ग्यालन ३ डलरभन्दा कम थियो। तर युद्ध सुरु भएपछि देशभरि औसत मूल्य ४ डलरभन्दा माथि पुगेको छ। डीजलको मूल्य झन् बढी बढेर ५.४५ डलर प्रति ग्यालन पुगेको छ, जुन युद्धअघि ३.७६ डलर थियो। यसले अमेरिकी उपभोक्ताको दैनिक खर्चमा ठूलो वृद्धि गरेको छ।

वित्तीय बजारमा सबैभन्दा ठूलो असर तेल मूल्यको वृद्धि र अनिश्चितताले पारेको छ। लगानीकर्ताहरू युद्ध चाँडै सकिन्छ कि लामो समयसम्म चल्ने डरमा बारम्बार आशा र चिन्तामा फेरबदल भइरहेका छन्। यसले अमेरिकी सेयर बजारमा दिनभरी तीव्र उतारचढाव ल्याएको छ।

सन् २०२६ को सुरुमा अमेरिकी सेयर बजारले विगत तीन वर्षको निरन्तर बढ्दो प्रवृत्ति देखाएको थियो। तर युद्धका कारण एसएण्डपी ५०० सूचकाङ्कले करिब ४.६ प्रतिशतको गिरावट देखायो, जुन २०२२ पछिको सबैभन्दा कमजोर त्रैमासिक प्रदर्शन हो। टेक्नोलोजी कम्पनीहरूले भरिएको 'नास्ड्याक कम्पोजिट सूचकाङ्क' अक्टोबरको उच्चतम स्तरबाट १० प्रतिशतभन्दा बढी घट्यो।

तेलसम्बन्धी कम्पनीका शेयरहरू सबैभन्दा राम्रो प्रदर्शन गरिरहेका छन्। यसमा मुख्य रूपमा एक्सन मोबिल, ओक्सिडेन्टल पेट्रोलियम र भ्यालेरो एनर्जीका शेयरहरू छन्। बजारले युद्ध चाँडो सकिने आशा र लामो खिचिने डरबीच उतारचढाव अनुभव गरिरहेको छ।

भविष्यको स्थिति अनुमान गर्न गाह्रो छ। अमेरिकी राष्ट्रपति युद्ध अन्त्य गर्ने आशा व्यक्त गर्दै र इरानको ऊर्जा पूर्वाधारमा लक्षित धम्की दिँदै छन्। इरानी पक्षले वार्तामा प्रगति भएको दाबीलाई कम महत्व दिएको छ। इरानले होरमूज स्ट्रेटमा नियन्त्रण कायम राखेको छ, जसबाट विश्वको तेलको पाँचौं भाग निकास हुन्छ। जबसम्म यो स्थिति कायम रहन्छ, तेल र शेयर बजारमा उतारचढाव निरन्तर रहने विश्लेषकहरूले बताएका छन्।

विशेषज्ञहरूको भनाइ अनुसार युद्धले अमेरिकी र विश्व अर्थतन्त्रमा दीर्घकालीन प्रभाव पार्ने सम्भावना छ। तेल र पेट्रोलियम उत्पादनमा अस्थिरता, मुद्रास्फीति, ब्याजदरमा उतारचढाव र शेयर बजारमा अनिश्चितता जारी रहन सक्नेछ।

# हेटौँडा सिमेन्टमा आगो बाल्ने भट्टीको मर्मत गरेर पुनः उत्पादन सुरु

मकवानपुर, १८ चैत (रासस) ।
हेटौँडा सिमेन्ट उद्योगको आगो बाल्ने भट्टीको उपकरण बिग्रेपछि उत्पादन तत्कालै सो उपकरणको मर्मत गरी रेर बुधबारबाट सिमेन्ट पुनः उत्पादन सुरु गरिएको उद्योगको व्यवस्थापनले जनाएको छ ।

उद्योगको व्यवस्थापनले गत चैत १४ गतेबाट करिब सात महिनापछि सिमेन्टको उत्पादन सुरु गरिएलगत्तै चैत १५ गते अपराह्न आगो बाल्ने भट्टी कोलमिलको केही उपकरणमा बिग्रेर भट्टी बन्द गर्नुपरेको थियो ।

उद्योगको कोलमिलमा गएराति कोइला ढुवानी गरी आगो बालिएको थियो । उक्त उद्योगले सिमेन्टको धुलो उत्पादन गर्ने क्लिङ्करको उत्पादन कार्य बुधबारदेखि सुरु गरिएको जनाइएको छ ।

उद्योगमा सिमेन्ट उत्पादन गर्ने कार्य नियमित आगामी दुई महिनासम्म पुग्ने कोइला जगेडामा राखिएको जनाउँदै बाँकी नपुग कोइला खरिद गर्न उद्योग व्यवस्थापनले बोलपत्र आह्वान गरिसकेको हेटौँडा सिमेन्ट उद्योग प्रशासन महाशाखाका सहायक प्रबन्धक विकास श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार उद्योगका लागि आवश्यक कच्चा पदार्थ कोइला खरिद गर्न तत्काल आर्थिक सङ्कटको भार व्यहोर्नुपरेकाले सिमेन्ट उत्पादनमा अवरोध उत्पन्न हुँदै आएको हो । उद्योगको साविक सिमेन्ट उत्पादन गर्ने क्षमता दैनिक १८ हजार बोरा रहेको जनाउँदै उहाँले अहिले विभिन्न उपकरण जीर्ण भएकाले दैनिक ११ हजार बोरामात्र उत्पादन हुने गरेको उल्लेख गर्नुभयो ।

विसं २०३३ मा हेटौँडाको लामसुरेमा तत्कालीन श्री ५ को सरकारले हेटौँडा सिमेन्ट उद्योगको स्थापना गरेको थियो । तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाहबाट विसं २०४३ मङ्सिर २६ गते उक्त उद्योगबाट उत्पादन हुने सिमेन्टको व्यावसायिक शुभारम्भ गर्नुभएको थियो ।

तत्कालीन सरकारले हेटौँडा सिमेन्ट उद्योगका लागि रु एक अर्ब ५० करोड लागतमा निर्माण सम्पन्न गरिएको थियो । उक्त उद्योगबाट उत्पादित सिमेन्ट काठमाडौँ, नेपालगञ्ज, पोखरा, हेटौँडा, वीरगन्जलगायत विभिन्न सहरका उपभोक्तालाई बिक्रीवितरण गर्दै आइएको छ ।

# औसतभन्दा बढी वर्षा

काठमाडौँ, १८ चैत (रासस) ।
प्रि-मनसुन अवधिमा हालसम्म देशभर औसतभन्दा बढी वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनका अनुसार यस वर्ष पनि मङ्गलबारसम्मको अवधिमा हुनुपर्ने औसतभन्दा बढी वर्षा मापन भइसकेको छ ।

"हालसम्म करिब २९ दशमलव पाँच प्रतिशत वर्षा भइसकेको छ । यस अवधिमा सामान्यतया २० प्रतिशत मात्र वर्षा हुने गर्दछ", उहाँले भन्नुभयो, "फागुन १५ गतेदेखि जेठ १५ गतेसम्मको अवधिलाई प्रि-मनसुन मानिन्छ । यस समयमा करिब २२६ मिलीमिटर वर्षा हुनुपर्नेमा मङ्गलबारसम्म ७७ दशमलव पाँच मिलीमिटर वर्षा भइसकेको छ ।"

जल तथा मौसम विज्ञान विभागका अनुसार हालको मौसम प्रणालीमा सामान्य बदली देखिएको छ । विभागले दिएको विवरणअनुसार मङ्गलबारको तुलनामा बुधबार तापक्रममा वृद्धि भएको छ । राजधानी काठमाडौँसहित उपत्यकामा बुधबार दिउँसोको अधिकतम तापक्रम २५ डिग्रीसेल्सियस पुगेको जनाउँदै महर्जनले सोही अवधिमा मङ्गलबार २२ डिग्रीसेल्सियस तपक्रम रहेको बताउनुभयो ।

मौसमविद् महर्जनका अनुसार बिहीबार (भोलि)सम्म मौसम सामान्यतया सफा रहनेछ भने शुक्रबारदेखि फेरि वर्षा हुने सम्भावना छ । यसैबीच, विभागले मौसम परिवर्तनशील रहेकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
राजविराज, सप्तरी

सम्पर्क नं. ९८५२८२०७६५/०३१-५३००५०
इमेल: akcsaptari@gmail.com
वेबसाइट:www.akcsaptari.p2.gov.np

पत्र संख्या : २०८२/०८३

**माटो स्वास्थ्य सुधार कार्यक्रम संचालनका लागि प्रस्ताव आवहानको सूचना।**
प्रथम पटक प्रकाशन मिति २०८२/१२/१९ गते

यस कृषि ज्ञान केन्द्र आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार माटो स्वास्थ्य सुधार कार्यक्रम संचालन गर्न माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ बमोजिम यस ससरी जिल्लाका इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनी हरुले सूचना प्रकाशन भएको मितिले १६औं दिन (मिति २०८३/०१/०४ गते शुक्रबार) भित्र देहायका कागजातहरु संलग्न गरी निवेदन सहित आवेदन दर्ता गर्नु हुन अनुरोध गरिन्छ। साथै म्याद नाघेका वा अपूर्ण विवरणयुक्त आवेदनहरु छनौट प्रक्रियामा समावेश गरिने छैनन्।

**आवश्यक कागजातहरु:**
१. तोकिएको ढाँचामा निवेदन/आवेदन सहितको प्रस्ताव फारम।
२. जग्गाधनी पूर्जाको प्रतिलिपी।
३. समूह वा संस्थाको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्बरको प्रमाण, र २०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।
४. समुह वा संस्थाको हकमा निर्णयको प्रमाणित प्रतिलिपी।
५. कृषक/एकल फर्मको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र कृषक समूह/कृषि सहकारीको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपि र कृषि फर्म/कम्पनी को हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र।

**प्रस्ताव पेश गर्नु पर्ने क्रियाकलापहरु:**
१. देहाय बमोजिका क्रियाकलाप संचालन गर्नको लागि आवेदन दिन सक्ने छ।
क. माटो जाँच शिविर संचालन (समूह/सहकारीको लागि मात्र)
ख. कृषि चुनमा सहयोग (कृषि चुनको लागि माटो जाँच गरेको प्रतिवेदन पेश गर्नुपर्ने छ)।
ग. प्राङ्गारिक तथा गड्यौंले मल उत्पादनमा सहयोग
घ. हरियो मलको बिउ वितरण(ढैंचा,मुङ, सनई,)
२. प्राङ्गारिक तथा गड्यौंले मल उत्पादन गर्ने इच्छुक कृषक/ कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनीहरुले सम्बन्धित क्षेत्रमा अनुभव वा तालिम लिएको प्रमाण पत्र पेश गर्नुपर्नेछ।
३. झुटा विवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमपततामा नपरेको/कार्यलयमा खराव आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र।
४. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए बमोजिम कायम हुनेछ।
५. प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहनेछ।

**कार्यालय प्रमुख**

# बर्डफ्लू सङ्क्रमण फैलिन थालेपछि सुनसरीमा १९ हजार कुखुरा नष्ट

सुनसरी, १८ चैत (रासस) ।
जिल्लाका विभिन्न स्थानीय तहमा किसानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको छ । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इनरुवाका प्रमुख डा मनोजकुमार महतोका अनुसार सदरमुकाम इनरुवासहित जिल्लाका विभिन्न स्थानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको हो ।

इनरुवा नगरपालिका-२ कुसुमगाछीमा सुमनकुमार राईले पालन गरेका ब्रोइलर कुखुरामा सङ्क्रमण देखिएको उहाँले जानकारी दिनुभयो । इटहरी-१६ स्थित सुमन गोविन्द श्रेष्ठले पालेका स्थानीय जातका कुखुरा र हाँसमा पनि बर्डफ्लू सङ्क्रमण पुष्टि भएको डा महतोले बताउनुभयो । जिल्लाका विभिन्न ठाउँमा कुखुरा फार्म परीक्षण गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट रोग पुष्टि गरेसँगै नियन्त्रणका उपाय तीव्र पारिएको उहाँले बताउनुभयो ।

सङ्क्रमण फैलिन नदिन फार्म वरपरको क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ भने अन्य कुखुरा फार्ममा पनि निगरानी कडा गरिएको डा महतोले जानकारी दिनुभयो । कुखुरामा असामान्य लक्षण देखिएमा तुरुन्त सम्बन्धित निकायलाई जानकारी गराउन तथा बाह्य सम्पर्कबाट कुखुरालाई जोगाउन किसानलाई आग्रह गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार जिल्लामा हालसम्म सङ्कास्पद लागेका १४ वटा फार्मबाट १९ हजार ३६५ कुखुरा नष्ट गरिएको छ ।

# हवाई इन्धनको मूल्य बढ्यो

काठमाडौँ, १८ चैत (रासस) ।
नेपाल आयल निगमले हवाई इन्धनको मूल्य वृद्धि गरेको छ ।

निगम सञ्चालक समितिको बैठकले हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर रु एक सय २४ ले बृद्धि गरिएको छ । साविकमा प्रतिलिटर रु एक सय २७ रहेको आन्तरिकतर्फको हवाई इन्धन अब बृद्धिपछि प्रतिलिटर रु दुई सय ५१ पुगेको छ ।

यस्तै, हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोमिटर आठ सय १९ अमेरिकी डलर प्रतिकिलोलिटरले बृद्धि भएको छ । परिमार्जित मूल्य अनुसार काठमाडौँमा प्रतिलिकिलोटर नौ सय ६६ अमेरिकी डलर रहेकोमा बृद्धिपछि अब एक हजार सात सय ८५ अमेरिकी डलर पुगेको छ ।

अर्को मूल्य समायोजन नगर्दासम्म पेट्रोल, डिजल, मट्टीतेल र खाना पकाउने एलपी ग्यासको भने साविकको मुद्रा मूल्य नै कायम राखिएको निगमले जनाएको छ ।

## चैते धानबालीको ...

भएकोले उत्पादनमा वृद्धि हुने भएको जनाइएको छ ।

यस आर्थिक वर्षमा ३ हजार १ सय हेक्टर जग्गामा चैते धानबाली लगाइएकोले १४ हजार ७ सय ८७ मेट्रिकटन धान उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किशुनदेव राउतले जानकारी दिए ।

जिल्लामा अहिले पनि किसान खेतमा चैते धानबाली लगाइ नै रहेकाले अझै तथ्याङ्कमा वृद्धि हुने उनले बताए । चैतै धान उत्पादनका लागि उपयुक्त हावापानी भएकाले गत वर्षभन्दा बढी धान उत्पादन हुने अनुमान गरिएको राउतले जनाए ।

अहिले पालिकाहरुले किसानका लागि खेतमै विजुली पुऱ्याएको कारण वोर्डिङ्ग, स्यालो टुवेलबाट सिँचाई सहज भएकाले पनि चैते धान खेती प्रति किसानको आकर्षण बढ्दै गएको उनको भनाई छ ।

सप्तरीको १८ वटा पालिका मध्ये सबैभन्दा बढी चैतै धान उत्पादन छिन्नमस्ता गाउँपालिका, राजगढ गाउँपालिका, बिष्णुपुर गाउँपालिका, तिलाठी कोईलाडी गाउँपालिका, महदेवा गाउँपालिका, रुपनी गाउँपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, वोदे बरसाईन नगरपालिका, खडक नगरपालिका र शम्भुनाथ नगरपालिकामा हुने गरेको कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

गत आर्थिक वर्षमा २ हजार ८ सय हेक्टर जग्गामा लगाइएको चैते धानबालीबाट १३ हजार ३ सय ५६ मेट्रिकटन धान उत्पादन भएको थियो ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*